सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
बालुवाटार, काठमाडौं
वीसौं वार्षिक साधारण सभाको
विवरण तथा निर्णयहरु

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०८१/०९/०५ गते (तदनुसार २० डिसेम्बर २०२४) शुक्रबारका दिन बसेको ३५२औं बैठकको निर्णय अनुसार बोलाइएको बीसौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिका अध्यक्ष उज्ज्वल सत्यालज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी निम्न विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

१. साधारण सभाको मिति, समय र स्थान:

सभा हुने मिति : २०८१ साल पुस २९ गते (तदनुसार १३ जनवरी २०२५), सोमबार

स्थान : अम्रपाली ब्याङ्क्वेट, बालुवाटार, काठमाडौं ।

सभा सुरु हुने समय : बिहान १०:३० बजे ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार बीसौं वार्षिक साधारण सभा हुने मिति, समय र छलफल हुने विषय खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सो बमोजिमको सूचना मिति २०८१ पुस ७ गतेको कारोबार राष्ट्रिय दैनिक तथा मिति २०८१ पुस २२ गतेको अभियान दैनिक मा प्रकाशित गरिएको थियो । सभाको सूचना, वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई जानकारीको लागि डेभलपमेन्ट बैंकको वेवसाईट www.shangrilabank.com मा समेत राखिएको थियो ।

३. **वैधानिक पूर्वाधार :**

नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभागको "लाभांश घोषणा / वितरण तथा वार्षिक वित्तीय विवरण प्रकाशन सम्बन्धमा" विषयगत मिति २०८१।०९।०४ गतेको पत्र (पत्र /संख्या:वि.सं.सु.वि./ गैरस्थलगत/ सांग्रिला/०८१/०८२, च.नं. १८१) बाट आर्थिक वर्ष २०८०/०८१ को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत प्राप्त भई साधारण सभा गर्न वैधानिक पूर्वाधार पुरा भएकोले मिति २०८१/०९/२९ गते डेभलपमेन्ट बैंकको साधारण सभा भएको हो ।

४. **साधारण सभाका छलफलका विषयहरु:**

(क) **साधारण प्रस्तावहरु :**

(१) अध्यक्षज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८०/०८१ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

(३) आर्थिक वर्ष २०८१/०८२ को लागि डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हाल वहालवाला लेखापरीक्षक श्री डि. एस. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेन्टस् पुनः नियुक्ति हुन योग्य हुनुहुन्छ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूंजी ३,४३,०९,७१,३०२.५५/- को ३.६५१६ प्रतिशत बोनस शेयर वितरण गर्ने सम्वन्धी विशेष प्रस्ताव पारित हुँदा सो बोनस शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको ०.१९२२ प्रतिशतले हुन आउने रकम रु. ६,५९३,९१७/-(अक्षेरुपी पैंसट्ठी लाख त्रीयानब्बे हजार नौ सय सत्र मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु ३,४३,०९,७१,३०२.५५/- (अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौ लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) को ३.६५१६ प्रतिशत अर्थात रकम रु. १२५,२८४,४१७/- (अक्षेरुपी बाह्र करोड बाउन्न लाख चौरासी हजार चार सय सत्र मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु ३,४३,०९,७१,३०२.५५/- (अक्षेरुपी तीन अर्ब त्रीचालीस् करोड नौ लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) रहेकोमा बोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूंजी रु ३,५५६,२५५,७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३) विशेष प्रस्ताव नं. (१), (२) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायवाट फेरवदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५) यस साग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा साग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्ने, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति

Shangrila Development Bank Ltd. Kathmandu, Nepal

तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने / गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने / गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने / गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ग) विविध

५. **सभाको वैधानिकता:**

डेभलपमेन्ट बैंकको वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, कम्पनीको प्रवन्ध पत्र नियमावली बमोजिम बोलाइएको, सभा गर्ने सम्बन्धमा ऐनको दफा ६७ (२) बमोजिम शेयरधनी महानुभावहरुलाई पठाउनु पर्ने सूचना पठाउनुका साथै राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गरिएको, साधारण सभा हुन कम्पनी ऐन बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी प्रतिनिधित्व हुने गरी कम्पनीका ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुन पर्ने प्रावधान रहेकोमा बीसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको उपस्थिति पुस्तिकामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थिति जनाउनु हुने शेयरधनीहरुको संख्या, शेयर संख्या र प्रतिशत तल उल्लेख भए बमोजिम रहेको र सो संख्या प्रतिशत साधारण सभाको काम, कारवाही र निर्णय गर्न पर्याप्त भई गणपुरक संख्या पुगेको हुँदा सभा ऐन, नियम कानून बमोजिम वैधानिक भएको व्यहोरा डेभलपमेन्ट बैंकको कम्पनी सचिव श्री सुजनबाबु अधिकारीज्यूले सभा समक्ष प्रस्तुत गर्नु भयो ।

६. **सभाको उपस्थिति:**

(क) सभामा उपस्थित संचालकहरु

१. अध्यक्ष श्री उज्ज्वल सत्यालज्यू

२. संचालक श्री सुशिल काजी बानियांज्यू

३. संचालक श्री सुजन सिद्धि बज्राचार्य ज्यू

४. संचालक श्री गंगा सागर ढकाल ज्यू

५. संचालक श्री लिसा शेरचन ज्यू

६. संचालक श्री नरेश ढुंगाना ज्यू

७. स्वतन्त्र संचालक श्री रबिन्द्र नारायण प्रधान ज्यू

Shangrila Development Bank Ltd. Kathmandu, Nepal

(ख) सभामा उपस्थित पदाधिकारी

१. श्री सुयोग श्रेष्ठ- प्रमुख कार्यकारी अधिकृत

२. श्री अपूर्व प्रसाद जोशी- नायव महाप्रवन्धक

३. श्री रजित मास्के- नायव महाप्रवन्धक

४. सुजनवावु अधिकारी- कम्पनी सचिव

अन्य पदाधिकारी

१) कम्पनी रजिष्ट्रार कार्यालयका उप रजिष्ट्रार श्री नविन थापा

२) बाह्य लेखापरीक्षक श्री डि. एस. एण्ड एसोसिएट्सका श्री दिपक सिवाकोटी

(ग) शेयरधनीहरुको उपस्थिति

कूल शेयरधनी संख्या समूह "क" र "ख"	कूल शेयर संख्या	स्वयं सभामा उपस्थित शेयरधनी संख्या	प्रतिनिधी द्वारा उपस्थित शेयरधनी संख्या	जम्मा उपस्थित शेयरधनी संख्या	जम्मा उपस्थित शेयर संख्या	कूल शेयरको प्रतिनिधित्व
२३,६२३	३,४३,०९,७१३.०३	१७६	२८९	४६५	१,८३,६५,०७८	५३.५३

७. **साधारण सभाको सभापतित्व र सभा सञ्चालन**

कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा डेभलपमेन्ट बैंकको नियमावलीमा साधारण सभाको सभापतित्व संचालक समितिको अध्यक्षद्वारा गरिनेछ भन्ने व्यवस्था भए बमोजिम साधारण सभाको अध्यक्षता डेभलपमेन्ट बैंकको संचालक समितिका अध्यक्ष उज्ज्वल सत्यालज्यूले गर्नुभयो ।

८. **स्वागत मन्तव्य**

साधारण सभामा संचालकहरु, संस्थापक शेयरधनीहरु, सर्वसाधारण शेयरधनीहरु, बाहृय तथा आन्तरिक लेखापरीक्षक, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, कानूनी सल्लाहकार, व्यवस्थापन तथा कर्मचारीहरु, पत्रकारहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई डेभलपमेन्ट बैंकका संचालक श्री सुशिल काजी बानियाँज्यूले स्वागत गर्दै आफ्नो मन्तव्य प्रकट गर्नु भयो ।

९. **वार्षिक साधारण सभाको औपचारिक उद्घाटनः**

Shangrila Development Bank Ltd. ★ Kathmandu, Nepal ★

२०औं वार्षिक साधारण सभाको उद्घाटन डेभलपमेन्ट बैंकको संचालक समितिका अध्यक्ष तथा साधारण सभाका सभापति श्री उज्ज्वल सत्यालज्यूले कलात्मक पानसमा दिप प्रज्वलन गरेर गर्नुभयो । सोही अवसरमा नेपालको राष्ट्रिय गान बजाई राष्ट्र र राष्ट्रियता प्रति समर्पित भाव प्रकट गरिएको थियो ।

१०. **सभा सञ्चालनको अनुमति:**

सभाको कार्यवाही अगाडि बढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषयसूचीहरु सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

११. **वार्षिक प्रतिवेदनको प्रस्तुति:**

क। साधारण सभाका सभापतित्व श्री उज्ज्वल सत्यालज्यूले साधारण सभामा छलफलका लागि पेश गरिएका प्रस्तावहरु प्रस्तुत गर्नुका साथै संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, आ.व. २०८०/८१ को लेखापरीक्षकको लेखा परीक्षण प्रतिवेदन, २०८१ आषाढ मसान्तसम्मको वासलात, नाफा/नोक्सान हिसाब, नाफा/नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण आदि सहितको आर्थिक तथा वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

ख। अध्यक्षद्वारा प्रतिवेदन प्रस्तुत गरी सकेपछि त्यस सम्बन्धमा तथा वार्षिक साधारण सभामा निर्णयार्थ पेश गरिएका प्रस्तावहरुको सम्बन्धमा छलफलमा सहभागी भई आ-आफ्नो जिज्ञासा, सल्लाह, सुझाव, विचारहरु राख्न शेयरधनीहरुलाई अनुरोध गर्नु भयो ।

प्रतिवेदन उपर छलफल

सभामा शेयरधनीहरु श्री गिरिश चन्द, श्री गौरभ काफ्ले, श्री केदारनाथ पौडेल, श्री उमेश कुमार मुडवरी, श्री उत्सव सुन्दर श्रेष्ठ, श्री गोपाल प्रसाद अधिकारी ले सभामा सहभागी भई विभिन्न सुझावहरु दिनु भयो भने श्री नरसिंहलाल चखु, श्री ब्रम्ह देव शाक्य, श्री चन्द्र नारायण श्रेष्ठ, श्री वैजू नाथ रौनियार, श्री सुदिप श्रेष्ठ, श्री निरुपमा गुप्ता र श्री दिवाकर खड्काले लिखित सुझाव दिनुभयो ।

शेयरधनी श्री गिरिश चन्द

बैंकलाई शुभकामना दिउँ तथा सुनेका कुराहरु यस सभामा राख्ने उद्देश्यले आएको छु । वर्तमान अवस्थामा दिइएको लाभांश ठिकठिकै भएतापनि पहिलेको तुलनामा ग्राफ हेर्दा लाभांश कम हुँदै गएको देखिन्छ । यसरी कम हुँदै जाने हो भने भविष्यमा बैंक घाटामा नै जान्छ की भन्ने लाग्दछ । बैंकको लाभांश बृद्धि तर्फ ध्यान जाओस् र भविष्यमा बैंक घाटामा गई लाभांश दिनै नसक्ने स्थितिको सृजना नहोस् भन्ने तर्फ ध्यान आकर्षित गराउन चाहन्छु । अन्य डेलभपमेन्ट बैंकको तुलनामा सबै सूचकांकमा यस डेभलपमेन्ट बैंक अन्तिममा परेको देखिएको भन्ने सुन्नमा आएकाले आगामी दिनमा सूचकांकमा सुधार गर्दै सम्बद्ध पक्षहरुको सल्लाह सुझाव लिई अघि बढ्न अनुरोध गर्दछु । ऋणीको एकै समूहमा धेरै कर्जा प्रदान गरेको भन्ने कुरा सुनिन्छ । यदि त्यसो हो भने त्यसले गर्दा कर्जा जोखिम बढ्ने देखिन्छ । बैंकको कर्जाको गुणस्तरियता घट्दो क्रममा रहेको देखिएकाले यस तर्फ समेत बैंकको ध्यान आकर्षण गर्न चाहन्छु । बैंकमा नायब प्रमुख कार्यकारी अधिकृतको अभाव देखिएकाले सोको कारणले समेत बैंकको स्थिती कमजोर भएको हो की, एउटा भ्याकुम देखिएको हो की,

व्यवस्थापनलाई कामको भार बढी भएको हो की भन्ने सोच भएका कारण सो भ्याकुम पूर्ती गर्न तर्फ समेत सञ्चालक समितिको ध्यान आकर्षण गराउन चाहन्छु । दुर्गम क्षेत्रमा रहेका शाखा कार्यालयहरुमा केन्द्रीय कार्यालयबाट हुने नियमित अनुगमन नभएको हो की, कर्मचारीहरुको सल्लाह नसुनिएको हो की? कर्मचारी सरुवा तथा बढुवामा चेक एण्ड ब्यालेन्स हुन नसकेको हो की? कर्मचारीहरुमा समन्वय हुन नसकेको हो की भन्ने देखिएकाले तथा सो किसिमका गुनासो बाहिर आएको देखिएकाले सो तर्फ ध्यान दिई त्यस्ता शाखा कार्यालयहरुमा नियमित भ्रमण गरी अनुगमन गर्न ध्यानाकर्षण गराउँदै उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

शेयरधनी श्री गौरभ काफ्ले

म बैंक प्रति सकारात्मक छु तसर्थ सकारात्मक कुरा गर्न चाहन्छु । बैंकलाई वर्तमान अवस्था सम्म ल्याइपुऱ्याउन संस्थापक शेयरधनीहरुले गरेको प्रयास सह्रानिय छ । यो संस्थाले एउटा इतिहास रचेको छ तर लगानीकर्ताको अपेक्षालाई व्यवस्थापनले पूरा गर्न नसकेको हो की भन्ने लागेको छ । बैंकको स्थिति अन्य बैंकको तुलनामा अन्त्यमा देखिन्छ । लाभांश समेत कम तथा घट्दो क्रममा रहेको देखिन्छ । कर्जाको गुणस्तर समेत कमजोर देखिएको आशंका लागेकाले ब्याज अन्तरलाई कम गरेर तथा ऋणीलाई ब्याज छुट दिएर भए पनि कर्जा असुलीमा बैंकको ध्यान आकर्षित गर्न चाहन्छु । आगामी दिनमा बैंकको सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीहरुको तालमेल मिलाएर बैंक अगाडि बढ्न सकोस् भन्ने कामना गर्न चाहन्छु ।

शेयरधनी श्री केदारनाथ पौडेल

बैंकको अधिकांश साधारण सभामा उपस्थिति जनाएतापनि आज पहिलो पटक आफ्नो विचार राख्दैछु । तत्कालिन नेतृत्वलाई धन्यवाद दिन चाहन्छु । अहिलेको आर्थिक अवस्थाको बारेमा हामी अवगत नै छौं । हामी शेयरधनीले बैंकको सकारात्मक कुरा सुन्न पाइएको छैन । नाफा दिन नसक्ने स्थिति कहिल्यै नआओस् म सुझाव दिन चाहन्छु । नाफा धेरै देखिने तर वितरण योग्य नाफा किन कम छ सो बारेमा प्रष्ट पार्न अनुरोध गर्न चाहन्छु । नराम्रा कुराहरु कसरी बाहिर आउँछ ? विद्यमान व्यवस्थापनले खोजि गरोस् । कर्जाको गुणस्तर देखिएन, अन्य बैंकको तुलनामा कमजोर देखियो । नाफा अनुसार लाभांश वितरण किन हुन सकेन ? शेयरधनीहरुको लगानी अनुसारको प्रतिफल नआएकाले लगानी नै खोज्न जानुपर्ने स्थिति देखियो । समाचारहरुमा समेत यस डेभलपमेन्ट बैंकको बारेमा नकारात्मक समाचार आउँदा दुःख लागेको छ । अन्त्यमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

शेयरधनी श्री उमेश कुमार मुडवरी

वार्षिक प्रतिवेदनका सम्पूर्ण विषयहरु अध्ययन गर्न त पाएको छैन । समयमै पुस्तक प्राप्त भएको भए अध्ययन गरेर केलाउन सजिलो हुन्थ्यो । बैंकको वित्तीय अवस्था खस्कदो देखिन्छ । वित्तिय स्थिती निरन्तर घट्दो दरमा रहेको देखिनु राम्रो होइन । हामीले पाउनुपर्ने नपाएको देख्दा यसमा व्यवस्थापनको कमजोरी हो की ? सञ्चालक समितिको मार्गदर्शन नपुगेको हो की भन्ने लाग्दछ । देशको आर्थिक अवस्था त्यति नराम्रो भएतापनि यस डेभलपमेन्ट बैंकले अझ राम्रो गर्न सक्नेमा हाम्रो विश्वास रहेको थियो । प्रमुख कार्यकारी अधिकृतको डेभलपमेन्ट बैंकर एसोसियसनमा आवद्ध भएका कारण त्यसको व्यस्तताले गर्दा बैंकमा समय दिन नसकेको कारण बैंकको स्थितीमा सुधार नआएको त हैन? भन्ने देखिन्छ । बैंकको पुराना कर्मचारी छायाँमा पर्दै गएको भन्ने लाग्दछ । सहि कर्मचारी सहि ठाउँमा नराखेको त हैन ? भन्ने पनि देखिन्छ । यिनै कारणले बैंकको प्रगति हुन नसकेको

Shangrila Development Bank Ltd. Kathmandu, Nepal

हो की? व्यवस्थापनको पारिश्रमीक अन्य बैंकको तुलनामा राम्रै भएतापनि बैंकको राम्रो प्रगति हुन नसकेकोमा दुःख लाग्दछ। अन्त्यमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

शेयरधनी श्री उत्सव सुन्दर श्रेष्ठ

क वर्गमा बैंक तथा अन्य वित्तीय संस्थाहरुले समेत लाभांश दिन नसकेको तथा अझ कम दिएको अवस्थामा समेत यस डेभलपमेन्ट बैंकले ३.८४ प्रतिशत लाभांश दिन सकेकोमा धन्यवाद दिन चाहन्छु। हामी साना शेयरधनीहरुलाई नगद लाभांश भन्दा वोनस शेयर नै फाइदाजनक हुने भएकाले यस आर्थिक वर्षमा जस्तै आगामी वर्षहरुमा समेत वोनस शेयर दिने तर्फ नै संचालक समितिको ध्यान जाओस् यस वर्ष वोनस शेयर दिएकोमा धन्यवाद दिन चाहन्छु। अन्य बैंक तथा वित्तीय संस्थाहरुको वार्षिक साधारण सभामा संस्थापक शेयरधनीहरुको भनाई खासै आएको नदेखिएको अवस्थामा यस डेभलमेन्ट बैंकको साधारण सभामा आवाज आउनु सकारात्मक ठान्दछु। तथापी संस्थापक शेयरधनीहरुले प्रत्यक्ष रुपमा अन्य समयमा समेत सञ्चालक समिति तथा व्यवस्थापनमा सजिलै पहुंच राखी आफ्नो भनाई राख्न सक्ने हुँदा साधारण सभा कै दिन आफ्नो भनाई राख्न कुर्न नपर्ने देखिन्छ। सोझै बैंकमा सम्पर्क राखी आफ्नो विचार राख्न संस्थापक शेयरधनीहरुलाई अनुरोध गर्न चाहन्छु। संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्टाइएको रकमको सहि सदुपयोग होस् र उक्त रकम लक्षित वर्ग सम्म सहज तरिकाले पुग्न सकोस् भन्ने चाहन्छु। सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुबाट जथाभावी छरेको झै संस्थागत सामाजिक उत्तरदायित्वको रकमको खर्च गर्ने परिपाटि रोकियोस् भन्ने चाहन्छु र सो का लागि आवश्यक नीति निर्माण गर्नका लागि नियमन निकायलाई सुझाव पठाउन डेभलपमेन्ट बैंकर एशोसियसन तथा सम्वन्धित संस्थाहरुको ध्यान आकर्षित गर्न चाहन्छु।

शेयरधनी श्री गोपाल प्रसाद अधिकारी

यस डेभलपमेन्ट बैंकका पूर्व अध्यक्ष तथा संस्थापक शेयरधनी अच्यूत प्रसाद प्रसाईको दुःखद निधन प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाँलाई सम्झन चाहन्छु। संस्थापक शेयरधनी तथा पूर्व अध्यक्षले यस डेभलपमेन्ट बैंकको विकासका लागि गर्नुभएको योगदान तथा सम्पूर्ण शेयरधनीहरुलाई समेट्न गरेको प्रयास स्मरण गर्न चाहन्छु। देशको आर्थिक अवस्था समेत राम्रो नभएको अवस्थामा सम्वद्ध पक्षहरुको सुझाव लिदैं, बजार विश्लेषण गर्दै, शाखा तथा क्लष्टर कार्यालयहरुको सुझावलाई समेत सम्बोधन गर्दै अगाडि बढ्न सुझाव दिन चाहन्छु। केन्द्रीय बैंकबाट प्रकाशित सूचकांकसँग अर्थतन्त्रको यथार्थ अवस्था मेल खाएको देखिंदैन। सूचकांक जतिसुकै राम्रो देखाएपनि Ground reality फरक छ। रिटर्न अन इक्विटि मा ध्यान केन्द्रित गर्न यस डेभलपमेन्ट बैंकको संचालक समितिको ध्यान आकर्षण गर्न चाहन्छु। साधारण सभामा भएको कम उपस्थितिले किन साधारण सभामा शेयरधनीहरु उत्साहित हुन सकेनन् भन्ने देखाउछ। यस डेभलपमेन्ट बैंकको वार्षिक साधारण सभामा देखिएको घट्दो उपस्थिति प्रति समेत चिन्तित छु। अन्त्यमा, बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

शेयरधनी श्री नरसिंहलाल चखुं,

विद्यमान परिस्थितिमा समेत वोनस शेयर र कर प्रयोजनका लागि नगद लाभांश सहित ३.८४ प्रतिशत लाभांश प्रदान गरेकोमा धन्यवाद दिन चाहन्छु। कर्जा जोखिममा ध्यान केन्द्रित गर्न अनुरोध गर्दछु साथै कर्जा असुली विभाग अन्तर्गतका टिमलाई सक्रिय बनाउन सुझाव दिन चाहन्छु। कम भार पर्ने किसिमका निक्षेप संकलन गरेर Cost of fund घटाउन प्रयास गर्नुपर्दछ। ROI र ROE मा अझ सुधार गरी Earning Per Employee

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

Ratio बढाउनु पर्दछ । शेयर लगानीलाई बजारको परिस्थिति बुझेर खरिद बिक्री गरी नाफा बुक गर्नुपर्दछ । समय परिस्थिति अनुसार नीति नियम र रणनीतिलाई समय परिस्थिति अनुसार परिमार्जन गर्नुपर्दछ ।

शेयरधनी श्री ब्रम्ह देव शाक्य,

देशमा आर्थिक क्रियाकलाप शिथिल भईरहेको अवस्थामा समेत बैंकले शेयरधनीलाई बोनस शेयर र कर प्रयोजनका लागि नगद लाभांश सहित ३.८४ प्रतिशत लाभांश प्रदान गर्ने प्रस्ताव रहेकोमा धन्यवाद दिन चाहन्छु । सम्पूर्ण प्रस्तावहरुमा समर्थन रहकाले पारित हुने विषयमा समर्थन जनाउँदछु । आम नेपाली नागरिकहरुको जीवनस्तर खस्कँदै गईरहेको अवस्थामा आर्थिक गतिविधिहरु चलायमान बनाउन बैंकले सक्दो भूमिका खेलोस् भन्ने कामना सहित यस डेभलपमेन्ट बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ,

पौष भित्रै साधारण सभा गर्न सफल भएकोमा धन्यवाद दिन चाहन्छु । यस कठिन परिस्थितिमा समेत बोनश शेयर र कर प्रयोजनका लागि नगद लाभांश सहित ३.८४ प्रतिशत लाभांश प्रदान गरेकोमा संचालक समिति तथा प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद दिन चाहन्छु । गत बर्ष भन्दा बैंकको आम्दानी बढेको छ एव कर्जा नोक्सानी व्यवस्थामा सन्तुलन देखिएकाले समग्रमा विकास बैंक सन्तुलनको अवस्थामा देख्न सकिन्छ । कर्जा नोक्सानीलाई नियन्त्रणमा राख्नका लागि सुझाव दिन चाहन्छु ।

शेयरधनी श्री बैजू नाथ रौनियार,

यस कठिन आर्थिक स्थितिमा समेत बोनश शेयर र कर प्रयोजनका लागि नगद लाभांश सहित ३.८४ प्रतिशत लाभांश प्रदान गरेकोमा संचालक समितिका अध्यक्ष, सदस्यज्यूहरु तथा प्रमुख कार्यकारी अधिकृतलाई म शेयरधनी बैजू नाथ रौनियारका तर्फबाट धन्यवाद दिन चाहन्छु । अबका दिनमा कुनै कैफियत नआउने गरी नेपाल राष्ट्र बैंकबाट वार्षिक प्रतिवेदनको स्विकृती प्राप्त गर्न सांग्रिला डेभलपमेन्ट बैंक सक्षम होस् भन्ि शुभकामना दिन चाहन्छु । बैंकले अगाडि ल्याएका गरेका सम्पूर्ण प्रस्तावहरुमा सहमति जनाउँदै यस डेभलपमेन्ट बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

शेयरधनी श्री सुदिप श्रेष्ठ,

यस कठिन परिस्थितिमा समेत बोनस शेयर र कर प्रयोजनका लागि नगद लाभांश सहित ३.८४ प्रतिशत लाभांश प्रदान गरेकोमा शेयरधनीरुले राहत महसुस गरेका छन् । वित्तीय कारोवार गर्ने संस्थाहरुबाट लिइएको साँवा ब्याजलाई ऋणीहरुले समयमै भुक्तानी नगरिदिदा त्यसको असर सांग्रिला डेभलमपेन्ट बैंक जस्ता वित्तीय कारोवार गर्ने संस्थाहरुलाई पर्दछ, तसर्थ बढ्दै गएको खराब कर्जा कम गर्न कर्जा असुलीमा विशेष ध्यान दिन अनुरोध गर्दछु । यस साग्रिला डेभलपमेन्ट बैंकले आ.ब. ०८०।०८१ को वार्षिक प्रतिवेदनमा यस डेभलपमेन्ट बैंकबाट कर्जा लिएर त्यसको समुचित उपयोग गरी समयमै यस डेभलपमेन्ट बैंकको साँवा, ब्याज भुक्तान गरी सफल व्यवसायी उद्यमी बन्न सफल व्यक्तित्वहरुको सफलताका कथाहरुलाई समावेश गरेकोमा बैंकलाई धन्यवाद दिन चाहन्छु ।

शेयरधनी श्री निरुपमा गुप्ता

साधारण सभा पौष भन्दा अगावै गर्ने तर्फ ध्यानाकर्षण गराउन चाहन्छु । शेयरधनीलाई Double Digit मा लाभांश वितरण होस् भन्ने अपेक्षा राख्दछु । CSR का केही रकमलाई असक्तलाई शिक्षामा लगानी गर्न आग्रह

गर्दछु । समय सापेक्ष खर्च बढ्नु स्वभाविक हो । खर्चमा मितव्ययिता अपनाएर अघि बढ्न अनुरोध गर्दछु । कम्पनीको लगानी नीति के कस्तो रहेको छ सोको बारेमा जानकारी गराउन अनुरोध गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

शेयरधनी श्री दिवाकर खड्का

यस वर्ष अधिकांश बैंक र वित्तीय संस्थाहरुले शेयरधनीहरुलाई लाभांश दिएका छैनन् तर साँग्रिला डेभलपमेन्ट बैंकले थोरै नै भएपनि शेयरधनीहरुलाई लाभांश दिएर निराश बनाएको छैन । डेभलपमेन्ट बैंकका समग्र वित्तीय सूचकहरु सन्तोषजक देखिन्छन् । डेभलपमेन्ट बैंकले सहायक कम्पनी क्यापिटल मार्केट तथा स्टक ब्रोकरमा लगानी गर्नुपर्ने देखिन्छ । ५ वर्ष भन्दा पुरानो दावी नगरिएको नगद लाभाश के गरेर घटाउन सकिन्छ सो तर्फ विचार गर्दै सरकारी कोषमा जानुपूर्व शेयरधनीहरुलाई वितरण गरिनुपर्दछ ।

शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएको उपरोक्त जिज्ञासा एवं सुझावहरुका सम्बन्धमा सभाका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले निम्न जवाफ दिनुभयो ।

सभाका सभापति श्री उज्ज्वल सत्यालज्यू, प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले शेयरधनीहरुले डेभलपमेन्ट बैंकका काम, क्रियाकलाप, उन्नति, प्रगतिका सम्बन्धमा गर्नु भएको सराहना प्रति धन्यवाद ज्ञापन गर्नुका साथै दिनु भएको बहुमुल्य सल्लाह सुझाव प्रति आभार व्यक्त गरी उक्त सुझावहरुलाई डेभलपेन्ट बैंकको भावी योजनाको मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता प्रकट गर्दै शेयरधनीहरुले छलफलका क्रममा उठाउनु भएका प्रश्नहरुको क्रमवद्ध रुपमा जवाफ दिनुका साथै राख्नु भएको जिज्ञासाहरुलाई देहाय अनुसार स्पष्ट पार्नु भयो ।

शेयरधनीहरुको जिज्ञासामा सञ्चालक समितिका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यूको जवाफ

सवै शेयरधनीको सुझावलाई अध्ययन गरी सोही अनुसार बैंकलाई कसरी अगाडि बढाउने भनेर अवश्य हेरिन्छ । पहिलेको तुलनामा अहिलेको परिस्थिति फरक छ । नियमहरु परिवर्तन भएका छन् । Spread दर को विषयले समेत पहिलेको जस्तो बढी नाफा गर्न सक्ने अवस्था रहेको छैन । नेपाल राष्ट्र बैंकबाट समेत वचतकर्ताको हितलाई सोचेर निर्णय हुने र देखिएको नाफाबाट विभिन्न रिजर्भमा रकम रकमान्तर गर्नपर्ने भएकाले समेत भएको सवै नाफा वितरण योग्य नाफामा नदेखिने अवस्था रहेको छ ।

बैंकिङ्ग क्षेत्रमै अधिक तरलता कायम हुँदा समेत कर्जा प्रवाह उल्लेखनिय रुपमा बढ्न नसकेको, सहकारीका क्षेत्रमा देखिएको समस्याले गर्दा अर्थतन्त्र चलायमान हुन असर परेकोले गर्दा बैंकहरुमा समेत त्यसको प्रभाव देखिन गई बैंकहरुको लाभांश दिने क्षमता कम हुँदै गएको, कर्जाको साँवा ब्याज नतिनका लागि कतिपय समूहहरुले बैंक लक्षित आन्दोलन गरेर ऋणीलाई उक्साइरहेको अवस्था रहेको, धितो लिलामी गर्दा समेत विभिन्न कारणले धितो विक्री हुन नसकेको अवस्थाले गर्दा बैंकको प्रतिफलमा सुधार हुन नसकेको अवस्थामा देशको अर्थतन्त्र सुध्रिदै जादा यस डेभलमपेन्ट बैंकको प्रतिफल समेत सुध्रदै जाने कुरामा विश्वास दिलाउन चाहन्छौ ।

यस डेभलपमेन्ट बैंकको सम्पूर्ण शक्तिनै कर्जा असुलीमा कृयाशिल भई लागिरहेकाले आगामी दिनमा कर्जा असुली भई कर्जाको गुणस्तरीयता कायम हुँदै जानेछ । बैंक अफठ्यारो स्थितिमा पुगेको होइन ।

Shangri-la Development Bank Ltd. ✶ Kathmandu, Nepal ✶

लाभांश क्षमता केही कम भएको भने अवश्य नै हो । सम्पूर्ण शेयरधनीहरुको सल्लाह सुझावका आधारमा काम गर्दै अगाडि बढ्छौ भन्ने विश्वास दिलाउन चाहन्छौ ।

शेयरधनीहरुको जिज्ञासामा अध्यक्ष ज्यूको अनुरोधमा प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूको जवाफ

शेयरधनीले उठाउनु भएको जिज्ञासाले धेरै कुरा सिक्ने र त्यसैबाट हामी अगाडि बढ्ने भएकाले यसलाई हामी सकारात्मक सुझावका रुपमा लिएका छौ । सम्पूर्ण संस्थापक शेयरधनीहरुलाई नियमित भेटघाट गर्न सम्भव नभएतापनि केही संस्थापक शेयरधनीहरुसँग भेटघाट हुँदाका समयमा सुझावहरु प्राप्त भए हामी प्रसन्न हुन्थ्यौ । यस सभामा कुरा उठाउनु भए जस्तो यस साँग्रिला डेभलमपेन्ट बैंक सबै वित्तीय सुचकांकहरुमा अन्तिम अवस्थामा नभएको जानकारी गराउन चाहन्छु । राष्ट्रिय स्तरका ८ विकास बैंकहरुको तुलनामा हामी

- प्रति शेयर आम्दानी (EPS) मा हामी पाँचौ स्थानमा रहेका छौ ।
- प्रति शेयर लाभांश (DPS) मा छैठौं स्थानमा रहेका छौ ।
- रिटर्न अन इक्विटी (ROE) मा चौथो स्थानमा रहेका छौ ।

यसले गर्दा सबै सुचकांकमा हामी अन्तिममा छौ भन्ने विषयलाई म प्रष्ट्याउन चाहन्छु ।

हामी सम्पूर्ण सुचकांकमा अन्तिममा नभएतापनि अन्य बैंक तथा वित्तीय संस्थामा रहेका चुनौतीहरु हामी माझ पनि रहेकोले यहाँहरुको मार्गदर्शन र सुझावले गर्दा उक्त चुनौतीहरुलाई सामना गर्न हामीलाई सहयोग पुग्नेछ । सम्पूर्ण बैकिङ्गको कर्जा बृद्धिदर हाल आएर एकल अंकमा भएको अवस्थामा हामी कुन अवस्थामा छौ भन्ने हेरिनुपर्दछ र यस अवस्थामा अत्यधिक कर्जा प्रवाह गरेर अगाडि बढ्न सकिने स्थिति नभएकाले संयम भएर अगाडि बढ्नुपर्ने अवस्था रहेको छ र यहि राय देशका विभिन्न विज्ञहरुले समेत विभिन्न फोरमहरुमा राख्नुभएको विषय पेश गर्न चाहन्छु ।

एकल समूहमा ठूलो कर्जा लगानी भएको विषयका सन्दर्भमा भन्नुपर्दा नेपाल राष्ट्र बैंकले बैंकको प्राथमिक पूंजीको २५ प्रतिशत सम्म एकल समूहमा कर्जा लगानी गर्न पाइने व्यवस्था रहेको छ भने हाइड्रोपावरमा ५० प्रतिशत सम्म जान पाइने अवस्था रहेकाले उक्त कर्जा एकल कर्जा सीमा भित्रै रहेको जानकारी गराउन् चाहन्छु । साथै, उक्त कर्जा आंशिक रुपमा चुक्ता हुने प्रकृयामा रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छौ । यसै सन्दर्भमा यस डेभलपमेन्ट बैंकको सन्चालक समितिबाट प्राप्त सुझाव तथा निर्देशनका आधारमा कर्जा नीतिमानै संशोधन गरी एकल समूहमा प्रदान हुने कर्जामा प्राथमिक पूँजीको १५ प्रतिशत भन्दा माथि नजाने गरी संशोधन समेत गरिसकिएको छ ।

नायव कार्यकारी प्रमुख नियुक्तिको सन्दर्भमा यहाँहरुबाट सक्षम व्यक्तिलाई नायव कार्यकारी प्रमुखको रुपमा सिफारिस भई आएको अवस्थामा समेत हामी खुशी हुनेछौ ।

दुर्गम क्षेत्रमा रहेका शाखा कार्यालयहरुको अनुगमन वर्तमान समयमा समेत भैरहेको र सम्पूर्ण शाखा कार्यालयहरुको नियमित भ्रमण केन्द्रीय कार्यालयबाट मात्र गर्दा सम्भव पनि नहने र खर्चिलो समेत हुने भएकाले हामीले अधिकार विकेन्द्रिकरण गरी क्लष्टर तथा सबक्लष्टर कार्यालयबाट समेत अनुगमन हुने

Shangri-la Development Bank Ltd. ★ Kathmandu, Nepal

व्यवस्था मिलाएका छौं । नियमित रुपमा शाखाको अनुगमनको लागि भ्रमण भइरहेको जानकारी गराउन चाहन्छु । हामी के विश्वास दिलाउन चाहन्छौं भने व्यवस्थापन, संचालक समितिको निर्देशन अनुसार नै अगाडि बढीरहेको र अगाडि बढ्दै जाने छौं ।

म व्यक्तिगत रुपमा डेभलपमेन्ट बैंकर एसोशियसनको अध्यक्ष भएको नभई साँग्रिला डेभलपेन्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको प्रतिनिधित्व गर्दै उक्त सस्थाको अध्यक्ष भएकाले यो विषय संस्थाको गौरवको विषय हुनुपर्ने हो । उक्त संस्थामा आवद्ध भएका कारण बैंकको काम कारवाहीमा कुनै असर नपरेको विषय जानकारी गराउन चाहन्छु ।

सवै विकास बैंकहरुको तुलना गरी हेर्दा समेत कर्मचारीहरुलाई वढी तलव दिएको विषयमा सत्यता छैन । हाम्रो तलव स्केल मध्य स्थानमा रहेको देखिन्छ ।

संस्थागत सामाजिक उत्तरदायित्वको विषयमा यहाँहरुले उठाउनु भएको विषयलाई संवोधन हुने गरी सम्वन्धित संस्थाहरु मार्फत प्रस्ताव अगाडि बढाइने विषयमा जानकारी गराउन चाहन्छौं ।

१२. **साधारण सभाका निर्णयहरुः**

साधारण सभाद्वारा पारित गरिनु पर्ने साधारण तथा विशेष प्रस्तावहरु अध्यक्षज्यूले पारितका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सर्वसम्मतिले प्रस्तावहरु पारित भै निम्न निर्णयहरु गरियो ।

क) **सामान्य प्रस्ताव उपरका निणर्यहरुः**

(१) अध्यक्षज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८०/०८१ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू पारित गर्ने निणय गरियो ।

(३) आर्थिक वर्ष २०८१/०८२ मा डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस वमोजिम बैंकको आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्न श्री डि. एस. एण्ड एसोसिएट्स चार्टड एकाउण्टेन्ट्स लाई निजको पारिश्रमिक वापत लेखापरीक्षण शुल्क, Tax Audit, Long Form Audit Report, कम्पनी ऐन २०६३ को दफा ७८ प्रमाणिकरण र यातायात खर्च समेत गरी रु. २०,००,०००/-(अक्षेरपी रु बीस लाख) (मूल्य अभिबृद्धि कर बाहेक) प्रदान गर्ने गरी नियुक्त गर्ने निर्णय गरियो ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे वमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूंजी ३,४३,०९,७१,३०२.५५/- को ३.६५१६ प्रतिशत बोनस शेयर वितरण गर्ने सम्वन्धी विशेष प्रस्ताव पारित हुँदा सो बोनस शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूंजीको ०.१९२२ प्रतिशतले हुन आउने रकम रु. ६५,९३,९१७/-(अक्षेरुपी पैंसठ्ठी लाख त्रीयानब्बे हजार नौ सय सत्र मात्र) नगद लाभांश वितरण गर्ने निर्णय गरियो ।

ख) विशेष प्रस्ताव उपरको निर्णयहरु:

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूंजी रु ३,४३,०९,७१,३०२.५५/- (अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौ लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) को ३.६५१६ प्रतिशत अर्थात रकम रु. १२५,२८४,४१७/- (अक्षेरुपी बाह्र करोड बाउन्न लाख चौरासी हजार चार सय सत्र मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गरियो ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूंजी रु ३,४३,०९,७१,३०२.५५/- (अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौ लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) रहेकोमा बोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूंजी रु ३,५५,६२,५५,७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बैसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र) पुऱ्याउने प्रस्ताव पारित गरियो ।

३) विशेष प्रस्ताव नं. (१), (२) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्रमा देहाय बुमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको प्रबन्धपत्रको संशोधनको तीन महले विवरण

दफा नं.	साविकको व्यवस्था	संशोधित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
५(ख)	विकास बैंकको जारी पुंजी रु. ३,४३,०९,७१,३०२.५५/-(अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौं लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,४३,०९,७१३.०३ (तीन करोड त्रिचालीस लाख नौ हजार सात सय तेह्र दशमलव शून्य तीन) थान साधारण शेयर मा विभाजन गरिएको छ ।	विकास बैंकको जारी पुंजी रु. ३,५५६,२५५,७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र)हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३५,५६२,५५७.२० (तीन करोड पचपन्न लाख बयसट्ठी हजार पाँच सय सन्ताउन्न दशमलव बीस) थान साधारण शेयर मा विभाजन गरिएको छ ।	३.६५१६ प्रतिशत बोनस शेयर वितरण गरेपश्चात विकास बैंकको जारी तथा चुक्ता पुंजीमा वृद्धि हुने भएकोले ।
५(ग)	विकास बैंकको चुक्ता पुंजी रु. ३,४३,०९,७१,३०२.५५/-(अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौं लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) हुनेछ ।	विकास बैंकको जारी पुंजी रु. ३,५५६,२५५,७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाईस र पैसा पचपन्न मात्र)हुनेछ ।	

मिति २०८१/०९/२९ मा बसेको २०औं वार्षिक साधारण सभाद्वारा पारित प्रबन्धपत्रमा संशोधन

५(ख) विकास बैंकको जारी पुंजी रु. ३,५५,६२,५५७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाइस र पैसा पचपन्न मात्र)हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,५५,६२,५५७.२० (तीन करोड पचपन्न लाख बयसट्ठी हजार पाँच सय सन्ताउन्न दशमलव बीस)थान साधारण शेयर मा विभाजन गरिएको छ ।

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

५(ग) विकास बैंकको चुक्ता पुंजी रु. ३,५५,६२,५५,७१९.५५/-(अक्षेरुपी तीन अर्ब पचपन्न करोड बयसट्ठी लाख पचपन्न हजार सात सय उन्नाइस र पैसा पचपन्न मात्र)हुनेछ ।

४) यस साांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने गाभिने (Merger) तथा साांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

५) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

विविध

विविध अन्तर्गत छलफलको कुनै पनि विषय नभएकोले छलफल नभएको ।

१३. **धन्यवाद प्रदान तथा सभाको समापन**

डेभलपमेन्ट बैंकलाई निरन्तर सहयोग पुऱ्याउदै आउनु भएका सम्पूर्ण संचालकहरु, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड तथा अन्य सम्बन्धित सम्पूर्ण निकायहरु, ग्राहक महानुभावहरु अतिथिज्यूहरु, पत्रकारहरु प्रति र डेभलपमेन्ट बैंकको उन्नतिमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण बैंक वित्तीय संस्था, बैंकमा कार्यरत सम्पूर्ण मानव संशाधन परिवार तथा बैंक उच्च व्यवस्थापन र कार्यक्रम स्थल उपलव्ध गराउनुहुने अम्रपाली व्याङ्क्वेट परिवार प्रति धन्यवाद ज्ञापन तथा यस डेभलपमेन्ट बैंकका पूर्व सञ्चाक समितिका अध्यक्ष स्व. अच्युत प्रसाद प्रसाईको २०८१।०४।२८ मा असामयिक निधन भएकाले दिवंगत आत्माको चिरशान्तिको कामना गरी सभाहलमा १ मिनेट मौनधारण गर्दै अध्यक्ष श्री उज्ज्वल सत्यालज्यूले बीसौं बार्षिक साधारण सभाको समापन गर्नुभयो ।

....
सुजनबाबु अधिकारी
कम्पनी सचिव

Shangri-la Development Bank Ltd. Kathmandu, Nepal

....
उज्ज्वल सत्याल
अध्यक्ष

सभा सम्पन्न भएको मितिः २०८१ साल पुस २९ गते तदनुसार १३ जनवरी २०२५, सोमबार ।